# स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नागरिकको बिमालेख नवीकरण गर्ने सम्बन्धी कार्यविधि, २०८२

नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड बबरमहल, काठमाडौं २०७४

<u>बोर्ड बैठकबाट स्वीकृत मिति</u>
२०८२/०३/२४

<u>प्रस्तावना</u>

स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नागरिकको बिमालेख नवीकरण गर्ने कार्यलाई व्यवस्थित बनाउन वीमा ऐन, २०७४ को दफा ४१ बमोजिम बोर्डले यो कार्यविधि बनाई लागु गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "स्वास्थ्य वीमा कार्यक्रममा आबद्ध नागरिकको बिमालेख नवीकरण गर्ने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि बोर्डले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्वास्थ्य बिमा ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले स्वास्थ्य बिमा नियमावली २०७५ लाई सम्झनु पर्दछ।

(ग) "बिमितको सम्पर्क नम्बर" भन्नाले बिमितले बोर्डलाई उपलब्ध गराएको आफ्नो र परिवार सदस्यको मोवाईल नम्बर सम्झनु पर्दछ।

(घ) "योगदान रकम" भन्नाले दफा ६ बमोजिमको रकमलाई सम्झनु पर्दछ।

३. <u>पुर्व सुचना दिने:</u> (१) बोर्डले कार्यक्रममा आबद्ध भएका नागरिकलाई ऐन बमोजिमको म्याद सकिनु भन्दा एक महिना अगाडी बिमालेखको म्याद सकिन लागेको पुर्व सुचना दिन सकिनेछ।

४. <u>निवेदन दिनु पर्ने:</u> (१) कार्यक्रममा आबद्ध भएका नागरिकले बिमालेख नवीकरण गर्न म्याद सकिनु एक महिना अगावै देहाय बमोजिम माध्यमबाट नवीकरणको निमित्त निवेदन दिनु पर्नेछ—

(क) दर्ता सहयोगी मार्फत;

(ख) विद्युतिय प्रणाली मार्फत।

(२) उप-दफा (१) बमोजिम निवेदन दिंदा देहाय वमोजिमको कागजात संलग्न गर्नु पर्नेछ –

(क) राष्ट्रिय परिचयपत्र वा नागरिकता;

(ख) सम्बन्धित स्थानिय तहबाट परिवारको संख्या खुल्ने कागजपत्र;

(ग) अति गरिब परिवारको हकमा नेपाल सरकारबाट जारी गरेको अति गरिब परिचय पत्र;

कार्यकारी निर्देशक

(घ) अति अशक्त अपाङ्गता, कुष्ठरोगी, एच.आई.भी. संक्रमित, जटिल खालका क्षयरोग बिरामी, नियमावलीको अनुसुची- ६ मा उल्लेख भएका रोगीहरुको हकमा रोग लागेको पुष्टि हुने कागजात;

(ङ) सत्तरी वर्ष पुगेको जेष्ठ नागरिकको हकमा उमेर खुल्ने परिचयपत्र;

(च) नावालिकको हकमा नावालिक परिचयपत्र वा जन्मदर्ता;

(छ) महिला स्वास्थ्य स्वयम् सेविकाको हकमा संघिय सरकारले जारीले परिचय पत्र;

५. <u>निवेदन उपर जाँचबुझः</u> (१) दफा ४ बमोजिम पेश भएको निवेदन उपर जाँचबुझ गरी दर्ता अधिकारीले बढिमा तिन दिन भित्र बिमालेखको नवीकरण गर्न उपयुक्त देखिएमा योगदान रकम लिई बिमालेखको नवीकरण पर्नेछ।

(२) बिमितलाई उपदफा (१) बमोजिम नवीकरण पश्चात नविकरणको सुचना बोर्डले दिनसक्नेछ।

६. <u>योगदान रकमः</u> (१) बिमितले कार्यक्रममा आवद्ध भई नियमित नवीकरण गर्दा नियमावली बमोजिम कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम बराबरको रकम भुक्तानी गर्नु पर्नेछ।

तर बिमितले बिमालेखको म्याद गुजारी नवीकरण गरेमा अनुसुची-१ बमोजिमको योगदान रकम भुक्तानी गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नियमावलीको नियम १६ बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय्र तहले योगदान रकम व्यहोर्ने गरी नवीकरण गर्दा नियमावली बमोजिम कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम लिई नवीकरण गरिदिनु पर्नेछ।

(४) बिमितले यस दफा बमोजिमको योगदान रकमको भूक्तानी विद्युतिय भुक्तानी प्रणालीबाट समेत गर्न सक्नेछन्।

७. <u>सह-भुक्तानीमा सुविधाः</u> (१) कार्यक्रममा आवद्ध भई नियमीत रुपमा नवीकरण गरेका बिमितले सह-भुक्तानीमा देहाय बमोजिम छुट प्राप्त गर्नेछन् —

(क) तिन वर्ष सम्म नियमित नवीकरण गर्ने बिमितको हकमा प्रचलित कानुन बमोजिम गर्नु पर्ने सह-भुक्तानीमा दश प्रतिशत;

(ख) चार वर्ष देखि सात वर्ष सम्म नियमित नवीकरण गर्ने बिमितको हकमा प्रचलित कानुन बमोजिम गर्नु पर्ने सह-भुक्तानीमा बीस प्रतिशत;

(ग) सात वर्ष देखि माथी नियमित नवीकरण गर्ने बिमितको हकमा प्रचलित कानुन बमोजिम गर्नु पर्ने सह-भुक्तानीमा तीस प्रतिशत।

कार्यकारी निर्देशक

नेपाल सरकार
स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाडौं

# अनुसूची-१

दफा ६ (२) सँग सम्बन्धित

## योगदान रकम

१) बिमितले बिमालेखको म्याद कटाई नवीकरण गरेमा देहाय बमोजिम योगदान रकम लाग्नेछः

(क) बिमालेखको म्याद कटाई तिन महिना भित्र नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकममा दश प्रतिशत रकम थप गरी हुने रकम;

(ख) बिमालेखको म्याद कटाई छ महिना भित्र नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकममा तिस प्रतिशत रकम थप गरी हुने रकम;

(ग) बिमालेखको म्याद समाप्त भएको छ महिना देखी एक वर्ष भित्र नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकममा पचास प्रतिशत रकम थप गरी हुने रकम;

(घ) बिमालेखको म्याद समाप्त भएको एक वर्ष पश्चात नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकममा शत प्रतिशत रकम थप गरी हुने रकम;

(ङ) बिमालेखको म्याद समाप्त भएको दुई वर्ष पश्चात नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकमको दुई गुणा बराबर रकम;

(च) बिमालेखको म्याद समाप्त भएको तीन वर्ष पश्चात नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकमको तिन गुणा बराबर रकम।

(छ) बिमालेखको म्याद समाप्त भएको तीन वर्ष भन्दा बढि समय पश्चात नवीकरण गरेमा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकमको चार गुणा बराबर रकम।

कार्यकारी निर्देशक